म्याग्दे गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## आ.व. २०७५/०७६ को आन्तरिक आयको ठेक्का सम्बन्धी सिलवन्दी वोलपत्र आह्वानको सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०८/०३)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा म्याग्दे गाउँपालिका गाउँकार्यपालिकाको निर्णय बमोजिम म्याग्दे गाउँपालिका, तनहुँको क्षेत्राधिकारभित्र पर्ने देहायका शिर्षकमा आ.व. २०७५/०७६ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको फर्म दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रितपूर्वकको शिलवन्दी वोलपत्र आह्वान गरिन्छ ।

स्थानीय निकासी शुल्कः- यस गाउँपालिकामा उत्पादन भई वाहिरी स्थानीय तह निकासी हुने मालवस्तुहरुको शुल्क उठाउने कार्य :

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क ( अग्रिम आयकर र मु. अ. कर वाहेक ) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | वोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| आ. आ. १३–२०७५/०७६ | ढुङ्गा, गिट्टी, वालुवा, इट्टा, कवाडी सामान, कृषि तथा पशुजन्य उत्पादन तथा स्थानीय उत्पादनहरुको निकासी कर संकलन गर्ने कार्य | २९,२८,८३३.९० ( उन्तीस लाख अट्ठाइस हजार आठ सय तेत्तीस रुपैयाँ नब्बे पैसा मात्र ) | ३,०००.०० ( तीन हजार रुपैयाँ मात्र ) | कवोल अङ्कको ५ प्रतिशत | ३० दिन भित्र |

*गाउँकार्यपालिकाको बैठकले तोकेको दररेट*

१. ढुंगा,गिटी,वालुवा ,ग्रावेल र रोडा - प्रति क्यु.फिट रु २.५० ।-
२. स्लेट(विछ्याउने ढुंगा,खरि ,चुन ढुंगा) - प्रति क्यु.फिट रु २.५० ।-
३. भंट्टामा प्रयोग गर्ने माटो - प्रति क्यु.फिट रु ०.३० ।-
४. ईट्टा निकासी - प्रति हजार रु ५० ।-
५. ब्लक निकासी - प्रति गोटा रु ०.२० ।-
६. रेडीमिक्स - प्रति क्यु. मिटर रु ५० ।-
७. पशु चौपाय सानो (खसि ,बोका) - प्रति गोटा रु २० ।-
८. पशु चौपाया ठुलो (पाडा,रागा,बंगुर ) - प्रति गोटा रु ५० ।-
९. पंक्षी (कुखुरा,हास आदी ) - प्रति गोटा रु १।-
१०. अदुवा - प्रति क्वीन्टल रु २० ।-
११. फलफुल(सुन्तला,केरा आदी) - प्रति क्वीन्टल रु ५० ।-
१२. तरकारी - प्रति क्वीन्टल रु २० ।-
१३. माछा प्रति क्वीन्टल रु २०० ।-
१४. अण्डा प्रति गोटा रु ०.०५ ।-
१५. कटिङ ढुङगा :
-१२ ईन्च वा सो भन्दा ठुलो प्रति पिस रु ०.५०।-
-१२ ईन्च भन्दा सानो प्रति पिस रु ०.२५।-
१६. कवाडी सामान :
-बियर बोतल प्रति गोटा रु १।-
-मदिरा सिसि प्रति गोटा रु १।-
-चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जि रु १।-
-अन्य बोतल प्रति गोटा रु १।-
-प्लास्टिक जन्य पदार्थ प्रति के.जि रु १।-
-फलाम प्रति के.जि रु २।-
-सिलौट/जस्ता प्रति के.जि रु १५।-
-तामा/पित्तल प्रति के.जि रु ३०।-
-कागजजन्य पदार्थ प्रति के.जि रु १।-
-हाड सिङ खोर प्रति के.जि रु ५।-
-छाला प्रति पिस रु ५०।-
-अन्य प्रति के.जि रु १।-
१७. साल जातको काठ गोलाई प्रति क्यु. फिट रु ३०।-/चिरान प्रति क्यु.फिट रु ५०।-
१८. खयर जातको काठ गोलाई प्रति क्यु. फिट रु २५।-
१९.सिसौ गोलाई प्रति क्यु. फिट रु २०।-चिरान प्रति क्यु.फिट रु ३०।-
२०. अन्य कुकाठ गोलाई प्रति क्यु.फिट रु १०।-/चिरान प्रति क्यु.फिट रु १५।-
२१. दाउरा प्रति के.जि रु ०.१०।-
२२. बाँस प्रति घना रु २।-

*बोलपत्र सम्बन्धी शर्तहरुः-* यस कार्यालयको राजस्व शाखावाट खरिद गर्न सकिनेछ वा PPMO's को website http://www.bolpatra.gov.np वाट
-वोलपत्र फारम २०७५।०९।०३ गते सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर भुक्तान गरी यस कार्यालयको लक्ष्मी बैंक भौचर पेश गर्नुपर्ने छ। यस कार्यालयवाट खरिद भएका वोलपत्र
Download गर्न सकिनेछ र यस कार्यालयको लक्ष्मी बैंक लि., थर्पु शाखामा रहेको खाता नं. : ग.४.१ : ०७८११०००५२४ मा तोकिएको दस्तुर जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ। यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। वोलपत्र
२०७५।०९।०४ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। वोलपत्र
दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।
-ठेक्काको ठेक्का बन्दोबस्त गर्न शुल्क उठाउने दररेटको विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ।
-वोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७४/०७५ को कर चुक्ताको प्रतिलिपी पेश गर्नुपर्नेछ।
-यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम स्वयं वा रितपुर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ।
-वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम ( कर वाहेक ) अङ्क र अक्षरमा प्रष्टसंग लेखि नेपाली नागरिकको हकमा ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस
कार्यालयको लक्ष्मी बैंक लिमिटेड, थर्पुमा रहेको च.हि.नं ग. ३ : ०७८११०००५५५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको लागि वोलपत्र दाखिला गर्ने अन्तिम मितिले
कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ।
-वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ।
-बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले ठेक्का संझौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको लक्ष्मी बैंक लिमिटेड, थर्पुमा रहेको च.हि.नं ग. ३ : ०७८११०००५५५ धरौटी खातामा
जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। एक मुष्ठ
भुक्तानी गरिएकोमा बैक धरौटी पेश गर्नुपर्ने छैन।
-ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ।
-स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०%, दुई किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत
नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकवाट २०७६ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। ५०% रकमको किस्ता सम्झौताको समय भित्र भूक्तान गर्नुपर्नेछ। दोस्रो किस्ता वापतको रकम
चैत्र मसान्तसम्म चुक्ता गरी सक्नुपर्नेछ। धरौटी वापतको जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाइनेछैन। म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार हुनेछ।
-स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट बुझाउन चाहेमा कवोल अङ्कमा १०% छुट दिईनेछ।
-तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीवाट असुल उपर गर्ने, गरी कानुनी प्रक्रिया अपनाईनेछ। असुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
-कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन।
-ठेक्का स्वीकृत भई कायदिश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दाबी गर्न पाईने छैन।
-वोलपत्रदाताले ढुंगा, गिट्टी, वालुवा, ईट्टा, माटो, स्लेट ढुंगा, ब्लक आदीको निकासी कर संकलन गर्दा गाउँकार्यपालिकाले तोकेको दररेट भन्दा बढी हुने गरी निकासी गर्न पाईने छैन। उक्त दररेट भन्दा बढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ।
-वोलपत्रदाताले मासिक रुपमा आफूले निकासी गरेको परिमाणको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।
-पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
-यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिएबमोजिम हुनेछ। साथै, संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकाबाट समय समयमा उल्लेख गरिएको निर्देशनहरुको पालना वोलपत्रदाताले गर्नुपर्नेछ।
-तनहुँ हाइड्रो निर्माणका कममा उत्पादन भई निकासी हुने मालवस्तुहरु यस ठेक्कामा संलग्न गरिएको छैन।
-विस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

तनहुँ उद्घोष दैनिकका लागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल सम्पादकः हरवरी प्रसाद ढकाल, व्यवस्थापकः सुर्यभक्त पौडेल.
कार्यालय : व्यास नपा ०२ अनशन चौतारी अगाडी दमौली, सम्पर्कः ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : व्यासमिरी अफसेट प्रेस, दमौली.